2058
SAHAMATI

Good Neighbors International

# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

# डेस्कटप कम्प्युटर र प्रिन्टर खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमति संस्थाद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व र पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९, सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९) मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहलगरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानियद्धारा पहलगरिएका परियोजनाहरु मूख्यतया चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

परियोजना सञ्चालित कार्यक्षेत्रमा प्रबर्धन गरिएका तथा सुदृढिकरणमा सहयोग गरिएका सहकारी संस्थाहरुलाई संस्थाको संस्थागत विकास सगै प्रशासनिक रुपमा कार्यालय तथा लेखा व्यवस्थापनका लागि कम्प्युटर तथा प्रिन्टर खरिद गरि सहयोग गर्ने लक्ष्य रहेकोमा नेपालमा आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूची १ मा भएका कम्प्युटर तथा प्रिन्टरको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रति इकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजनाको कार्यक्षेत्र भित्रका सहकारी संस्थाहरु सम्म ढुवानी तथा कम्प्युटर जडान गर्नु पर्नेछ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले १० दिनभित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ मा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

११ अनुमानित आवश्यक सामग्रीहरुको परिमाण

| S.N. | Name of Items | Unit | Number | Remarks |
|---|---|---|---|---|
| 1 | Desktop computer | Nos | 12 | |
| 2 | Multifunction Printer | Nos | 12 | |
| 3 | UPS | Nos | 12 | |
| 4 | Electric Multi plug | Nos | 12 | |

नोट : माथि उल्लेखित सामग्रीको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ । साथै दर रेट पेश गर्दा सामग्रीको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ ।

१२.छनोट भएको सप्लायर्स सँग खरिद गरिने सामग्रीको कुल मुल्यको ५ प्रतिशत बैंक ग्यारेन्टी सम्झौता गर्नु अगावै परियोजना कार्यालयमा पेश गर्नुपर्नेछ ।

१३. बोलपत्र पेश गर्दा अनिवार्य रुपमा यस TOR मा सम्लग्न अनुसूचि भरि प्रत्येक पानामा हस्ताक्षर गरि अन्य कागजात सहित पेश गर्नुपर्नेछ ।

१४. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"कम्प्युटर र प्रिन्टर"** लेखी मिति २०७८/०४/१८ गते ( २ अगस्ट , २०२१) बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, वर्दघाट न.पा. वडा नं. ४ शिवालय टोल , नवलपरासी वा **सहमति** केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

**अनुसूची १**

**कम्प्युटर र प्रिन्टर सम्बन्धि सामग्रीहरुको विवरण**

| क्र.स. | विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, अपरेटिङ्ग प्रणाली, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **Desktop Computer**<br>Processor: i5 5th Gen<br>RAM: 8GB 1 DIMM<br>Storage: 500 GB HDD<br>Graphic Card: Intel Integrated Graphics<br>Removable Media: DVD-RW DL Drive<br>External Interfaces/connectors: 10/100/1000 Ethernet<br>External Connections / Docking Station: At least one 3.0 USB Ports and VGA, HDMI<br>Operating System: Windows 10 64-bit<br>Monitor: 18.5’’ 1920x1080 Resolution<br>Cameras, Microphones or Headsets and Speakers: Windows Compatible<br>Warranty: At least 1 Year | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| २ | **Multifunction Printer:**<br>Printer Type: Monochrome Laser Beam Printer<br>Functionality: All-in-One (Print, Scan, Copy) with Auto-Duplex<br>Pages per minute: 27 pages per minute (A4)<br>Printer Output: Monochrome / B&W<br>Connectivity: Wired, USB 2.0<br>Compatibility: Windows 10 (32 / 64bit), Windows 8.1 (32 / 64bit), Windows 8 (32 / 64-bit), Windows 7 (32 / 64-bit), Windows Vista (32 / 64-bit), Mac OS X (*4) 10.6.8~, Linux (*3)<br>Device Memory: 512 MB; Ideal for Home/Office Usage<br>Laser Toner Cartridge: Cartridge 337; Page Yield: 2400 pages - As per ISO standards<br>Print Language: UFR II LT; Display panel: 6.9cm BW LCD, Vari-angle operational panel | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | **UPS** (Uninterruptible Power Supply)<br>UPS type: line interactive, Input: AC 162 - 295 V, 50 Hz / 60 Hz ± 10 %, Output: AC 188 - 254 V, 50 Hz / 60 Hz ± 0.5 % (on battery), Waveform: sine wave (AC mains), simulated sine wave (battery), Backup time: (8 to 20) min | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ४ | **Electric Multi plug**<br><br>Technical Parameter<br>Rated Voltage: 250V~<br>Power 2500W MAX Features Cable Length: 2M, Durable & Fire Proof Plastic for Body | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |

नाम :                हस्ताक्षर :                छाप :                मिति :